# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(शिक्षा युवा तथा खेलकुद शाखा)

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्या:०७५।०७६
चलानी नं.:

१ नं.प्रदेश, नेपाल
मिति:२०७५।९।२९

**बिषय: बिषयविज्ञ सूचिकृतका लागि दरखास्त आव्हान सम्वन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मिति:२०७५।९।२९)

यस नगरपालिकाको शिक्षा नियमावली,२०७५ को नियम ५५ को (ख) बमोजिम नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा स्वीकृत दरवन्दी वा अनुदान कोटा, राहतकोटा, निजी तथा अन्य रिक्त शिक्षक पदको पदपूर्ति गर्ने प्रयोजनको लागि बिषयविज्ञहरुको सूची तयार गर्नुपर्ने भएकोले सूचिकृत हुन इच्छुक देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**<u>सूचिकृत हुनको लागि आवश्यक योग्यता:</u>**

**(क) माध्यमिक तहको शिक्षक छनौट प्रयोजनको लागि:**

१) सिद्धिचरण नगरपालिका क्षेत्रको सामुदायिक विद्यालयमा कार्यरत,

२) सम्वन्धित बिषयमा स्नातकोत्तर तह उतीर्ण गरी स्थायी शिक्षक पदमा कम्तीमा १ बर्ष सेवा अवधि पूरा गरेको,

३) सम्वन्धित बिषयमा स्नातकोत्तर तह उतीर्ण नगरेको हकमा सम्वन्धित बिषयमा स्नातक तह उतीर्ण गरी मा.वि.स्थायी शिक्षक पदमा कम्तीमा १० (दश) बर्ष सेवा अवधि पुरा गरेको ।

**(ख) आधारभूत तहको शिक्षक छनौट प्रयोजनको लागि:**

१) सिद्धिचरण नगरपालिका क्षेत्रको सामुदायिक विद्यालयमा कार्यरत,

२) शिक्षा शाश्त्रमा स्नातक तह उतीर्ण गरेको वा सम्वन्धित बिषयमा स्नातक तह उतीर्ण गरी १० महिने तालीम लिई स्थायी शिक्षक पदमा कम्तीमा १(एक) बर्ष सेवा अवधि पुरा गरेको ।

**<u>दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१) नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपि प्रमाणित प्रति,

२) शैक्षिक योग्यता र अनुभव (सेवा अवधि) देखिने कागजातको प्रमाणित प्रति ,

३) तालीम प्रमाण पत्रको फोटोकपि प्रमाणित प्रति ।

भोजराज खतिवडा
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत